जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ८८ २०७९ साल कात्तिक १४ गते सोमबार (31 Oct 2022 Monday) मूल्य रु. ५/-

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : निर्वाचन आचारसंहिता... ३ पृष्ठमा : नेपाल एयरलाइन्सलाई प्राधिकरणको ... ३ पृष्ठमासियोलमा भागदौड मच्चिँदा...

## दण्ड प्रणाम गर्दै पूजाघाट





**दैनिक समाचारदाता राजविराज, १३ कातिक ।**

धार्मिक सहिष्णुता र आपसी सदभावका लागी प्रसिद छठ पर्व अन्तर्गत आइतबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ दिइएको छ ।

व्रतालुले सूर्यलाई अर्घ दिएर आफ्ना परिवारको सुख, समृद्धि, शान्ति र दिर्घायुको कामना गरेका छन् । सप्तरीको सप्तकोशी नदीको किनारमा ५ सय भन्दा बढी पुजाघाट बनाइएको छ । त्यहाँ हनुमाननगर कंकालिनी नगरपालिकाका साथै सुनसरीसहित सीमावती भारतको भीमनगर, विरपुर, सिमराही आसपासबाट समेत आएका व्रतालु छठ पर्वमा सरिक भएका छन् ।

कतिपय ब्रतालु दूई तीन घण्टासम्मको बाटो दण्ड-प्रणाम गर्दै छठ पर्वको घाटसम्म पुगेका छन् । सडकमा सुतेर हातले चिहनो लगाउँदै गरिने धार्मिक कार्यलाई दण्ड-प्रणाम भनिन्छ । यसरी दण्ड प्रणाम गर्दै पूजास्थल पुग्नेहरुमा राजविराज ४ की संगिता राई, राजविराज ३ की सुमित्रा स्वर्णकार, राजविराज ७ की सुलोचना साहलगायत एक दर्जन भन्दा बढी ब्रतालु छन् । कोही भाकल गरेका त कोही भाकल पुरा भएकाहरु यसरी घरबाट घिस्रिएर पूजा घाट पूगि अस्ताउँदो सूर्यलाई अर्घ दिएका छन् ।

यता सदरमुकाम राजविराजस्थित भगवती, कल्टु, तुरन्ती, शिव, पुर्णी लगायतका पोखरी किनारमा बनाइएका पूजाघाटमा पनि हजारौ भक्तजनको उपस्थितीमा व्रतालुले अस्ताउँदो सूर्यलाई अर्घ दिए ।

जिल्लाका प्रमुख जलाशय ध्वजापातकासहित छठी मैयाका गीतले गुण्जिएका छन् । श्रद्धालुले विभिन्न सजावटका साथ छठ पर्व मनाइएरहेका छन् । सजी सजाउ घाटमा छठी पर्वका भक्तजन र व्रतालुको भीड लागेको छ ।

श्रद्धालुको अत्याधिक चापलाई दृष्टिगत गरी जिल्ला प्रहरी कार्यालय सप्तरीले छठ पुजास्थल तथा बजार क्षेत्रमा सुरक्षा व्यवस्था कडा बनाएको छ ।

सोमवार विहान अस्ताउँदो सूर्यलाई अर्घ दिएपछी लोक आस्थाको चार दिने महान छठ पर्व सम्पन्न हुने छ ।

## उम्मेदवार पनि छठघाटमा भोट माग्दै



**दैनिक समाचारदाता राजविराज, १३ कातिक ।**

आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य पदका कतिपय उम्मेदवार पूजा स्थल पुगि छठी ब्रतालु र भक्तजनसँग भेटघाट र शुभकामना दिँदै सहयोगका लागि आग्रह गरेका छन् ।

सप्तरीको क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार लोकतान्त्रिक बाम गठबन्धनका जयप्रकाश ठाकुर र जसपा-एमाले गठबन्धनका उम्मेदवार समेत रहेका जसपाका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव तथा जनमत पार्टीका अध्यक्ष सीके राउत समेत सदरमुकाम राजविराजस्थित छठी घाटहरुमा पुगि शुभकामना दिनुका साथै निर्वाचनमा आ-आफ्नो पक्षमा मतदान गरि सहयोगका लागि ब्रतालु र श्रद्धालुसँग आग्रह गर्दै हिडेका थिए ।

सो अवसरमा जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले छठ पर्वले मधेश, पहाड र हिमाललाई सांस्कृतिक र भाइचाराको सम्बन्ध जोडेको बताए ।

उनले मधेशबाट मनाउन थालिएको छठ राष्ट्रिय पर्वको रुपमा विकास भएकोमा खुशी व्यक्त गर्दै छठ पर्वले मधेश, पहाड र हिमाललाई सांस्कृतिक र भाइचाराको सम्बन्ध जोडेको उल्लेख गरे ।

संघीयता विफल पार्न र उपेक्षित उत्पीडित समुदायको पहिचान खोस्ने प्रयास भईरहेकोले यसपाली जसपाका उम्मेदवारहरुलाई जिताएर संघीयता, पहिचान, स्वाभिमान र समानता पक्षधरहरुले आफ्नो ताकत देखाउन समेत उनले आह्वान गर्दै सम्पूर्ण नेपाली जनताको सुख, समृद्धि एवम् कल्याणका लागि छठी मातासँग कामना समेत गरे ।

## जनकपुरधाम अस्तव्यस्त

महेन्द्रनगर (धनुषा), १३ कात्तिक (रासस) ।

मधेस प्रदेशको राजधानी जनकपुरधाम अन्य दिनको तुलनामा आइतबार अस्तव्यस्त बनेको छ । छठ पर्वको मुख्य दिन आइतबार 'सँझुका अर्घ्य' परेकाले बजारमा अत्यधिक भीड बढ्दा अस्तव्यस्त बनेको हो ।

बजारमा मानिस र सवारीसाधनको अत्यधिक भीड बढे पनि ट्राफिक प्रहरीले व्यवस्थापन गर्न सकेको छैन । सहरका मुख्यचोकमा अत्यधिक भीड देखिएको छ । पोखरी घाटहरूमा जाने बजारका मूल सडकहरू पनि बिहानैदेखि भरिभराउ हुँदा ट्राफिक व्यवस्थापनमा चुनौती थपिएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख चन्द्रभुषण यादवले नगरभित्रका पोखरी घाटहरूलाई बढी केन्द्रित गरेर जनशक्ति परिचालन गरिएकाले सडकमा बढेको भीडभाड व्यवस्थापन गर्न समस्या भएको जानकारी दिनुभयो ।

उहाँले नेपाल प्रहरीसँग समन्वय गरेर नियमित ड्युटीबाहेक नगरभित्र १५ ट्राफिक प्रहरी खटाइएको बताउनुभयो । उता, छठ पर्वमा हुनसक्ने सम्भावित घटनालाई दृष्टिगत गर्दै नेपाल प्रहरीले पनि नगरभित्र म्यादी र जनपद गरी चार सय प्रहरी परिचालन गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले बताउनुभयो ।

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

# निर्वाचन आचारसंहिता पालना गर्न आग्रह

सप्तरी, १३ कात्तिक (रासस)।

निर्वाचन आचारसंहिता उल्लङ्घन नगर्न नागरिक समाजका अगुवाले जोड दिएका छन्। राजविराजमा शनिबार राष्ट्रिय मानवअधिकार आयोगका सदस्य मिहिर ठाकुरसँगको छलफलमा अगुवाले मतदाता शिक्षामा जोड दिन निर्वाचन आयोगलाई सुझाव समेत दिए।

मतदाता शिक्षाबारे ध्यान नपुग्दा मत बदर हुने अनुपात बढ्ने र आचारसंहिता उल्लङ्घनले निर्वाचनको निष्पक्षतामा प्रश्नचिह्न उठ्नेतर्फ ध्यान दिन सहभागीले आग्रह समेत गरे। "निर्वाचन निष्पक्ष र लोकतान्त्रिक हुनका लागि मतदाताले आफ्नो अधिकार र जिम्मेवारी बुझ्नसक्ने हुनुपर्छ।" उनीहरूको भनाइ थियो।

आचारसंहिता पालनामा राजनीतिक दल र उम्मेदवार प्रतिबद्ध हुनुपर्ने जनाउँदै नागरिक समाजका अध्यक्ष थानसिंह भन्सालीले निर्वाचन आयोगले चुनाव अवधिभर कानुन र आचारसंहिता पालना गराउन दृढ हुनुपर्ने माग गर्नुभयो। कानुन, आचारसंहिता उल्लङ्घनकर्तालाई कारबाही गर्ने परम्परा नभएकाले उल्लङ्घन बढ्दै गएको उहाँले बताउनुभयो।

निर्वाचन क्षेत्रका मतदाता प्रभावित गर्न आश्वासन बाँड्ने, पदीय लोभ दिएर पार्टी प्रवेश गराउने काम सुरु भएको जनाउँदै प्रेस स्वतन्त्रता सेनानी वैद्यनाथ झाले सबै पेशाका व्यक्ति राजनीतिक दलमा आबद्ध हुने गलत परम्पराका कारण कर्मचारीसमेत चुनावमा प्रचारमा होमिने गरेको बताउनुभयो।

ज्येष्ठ नागरिक सङ्घ सप्तरीका अध्यक्ष शिवहरि भट्टराईले चुनावी खर्च विवरण नबुझाउने स्थानीय तहका उम्मेदवारलाई तिर्नै नसक्ने जरिवाना तोकेर निर्वाचन आयोगले स्वयं कानुन पालना नहोस् भन्ने चाहेको बताउनुभयो। चेतनास्तर विकाससँगै कानुनलाई बलियो बनाउँदै जानुपर्ने अन्यथा कानुन पालना गर्न/गराउन नसकिने उहाँको धारणा थियो।

इन्सेक प्रतिनिधि मनोहर पोखरेलले सहमतिमा बनेको आचारसंहिता पालनामा दलीय नेतृत्वका पात्रहरू 'रोल-मोडल' बन्नुपर्नेमा बहकिएको आरोप लगाउँदै नागरिक समाज, अधिकारकर्मी र सञ्चारकर्मीले निगरानी गरिरहेको जानकारी दिनुभयो।

नेपाल पत्रकार महासङ्घ सप्तरीका अध्यक्ष श्रवण देवले मतदाता शिक्षा र आचारसंहिता पालना नगरे पनि हुन्छ भन्ने मानसिकता देखिएको आरोप लगाउनुभयो। सामुदायिक सेवा केन्द्र सप्तरीका अध्यक्ष हितनारायण लाल दास र गैसस महासङ्घ सप्तरीका अध्यक्ष बलदेव मण्डलले निर्वाचनका बेला गर्भवती, सुत्केरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अल्पसङ्ख्यक तेस्रो लिङ्गीलाई मत खसाउन विशेष ख्याल गर्नुपर्ने बताउनुभयो। उहाँहरूले मतदाता शिक्षाको जानकारी पाउनु प्रत्येक मतदाताको संवैधानिक हक भएको र मानवअधिकारको अभिन्न पाटो भएको बताउनुभयो।

विभिन्न चोक, गल्ली, सवारीसाधनमा ठूला ब्यानर टाँगेर सभा, सम्मेलन गर्न सुरु गरिएको जनाउँदै सहभागीले बेलैमा रोक्ने प्रयास नभएमा देखासिकी आचारसंहिता उल्लङ्घनको प्रतिस्पर्धा बढ्ने भएकाले निर्वाचन आयोग कठोर बन्नुपर्ने बताए। शक्ति प्रदर्शन गर्दै तामझामसहित बाजा बजाएर २५ भन्दा बढी जुलुसको नेतृत्व गर्दै अधिकांश उम्मेदवारले मनोनयनदेखि नै आचारसंहिता उल्लङ्घन गरेको उनीहरूको ठहर थियो। सरकारी सवारीसाधनको दुरुपयोग बढेको, मतदाता प्रभावित पार्न आश्वासन बाँड्न थालिएको, शिलान्यास, उद्घाटन नरोकिएको, जाति, धर्मका आधारमा मत माग्ने गरिएको र सामाजिक सञ्जालमा निकृष्ट ढङ्गले लेख्ने गरिएकोतर्फ सहभागीले ध्यानाकर्षण गराए।

आयोगका सदस्य ठाकुरले निर्वाचनको अभ्याससँगै अनुचित परम्परा कमजोर हुँदै जाने विश्वास व्यक्त गर्नुभयो। मतदाता प्रभावित गर्नेविरुद्ध अनेकन किसिमका अनुगमन टोली, पर्यवेक्षण टोलीका अतिरिक्त आयोगले राष्ट्रिय अनुसन्धान विभागका गुप्तचरसम्म परिचालन गरेको उहाँले जानकारी दिनुभयो। आचारसंहिता पालना गराउने, शान्तिपूर्ण, भयरहित र निष्पक्ष निर्वाचन गराउने कार्यमा आयोग गम्भीर बन्नुपर्ने र सबैको सहयोग लिनुपर्ने उहाँले धारणा राख्नुभयो।

कार्यक्रममा सहभागीहरूले सप्तरीमा भएको सशस्त्र प्रहरी सहायक निरीक्षक सत्यनारायण यादवको हत्या, वरिष्ठ अधिवक्ता सुरेन्द्र यादवको विष्णुपुर गाउँपालिका-६ स्थित घरमा भएको पेट्रोल बम प्रहारलगायत मानवअधिकार हननका घटनाबारे जानकारी गराउनुभयो। इन्सेक प्रतिनिधि पोखरेलले सशस्त्र प्रहरी बलका सहायक निरीक्षक यादवको छिन्नमस्तास्थित पोष्टभित्रै भएको हत्याको सम्बन्धमा आयोगले अध्ययन, अनुगमन गर्नुपर्ने र सबै दोषीलाई कारबाहीको दायरामा ल्याउन भूमिका खेल्नुपर्ने माग गर्नुभयो।

# 'कांग्रेसको सङ्कल्पपत्र यथार्थपरक, निरन्तरतामा नवीनता र आशावादी छ'

काठमाडौँ, १३ कात्तिक (रासस)।

नेपाली कांग्रेसले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि शनिबार सार्वजनिक गरेको पार्टीको सङ्कल्पपत्र यथार्थपरक, निरन्तरतामा नवीनता र आशावादी रहेको बताइएको छ।

कांग्रेसले सङ्कल्पपत्रका बारेमा विस्तृत जानकारी दिन आइतबार पार्टी केन्द्रीय कार्यालयमा पत्रकार सम्मेलन आयोजना गरेको थियो। सम्मेलनमा पार्टीका सहमहामन्त्री एवं घोषणापत्र तयारी समितिका सदस्य जीवन परियारले सङ्कल्पपत्र तयारीका क्रममा भएगरेका अध्ययन तथा कार्यका बारेमा जानकारी गराउनुभएको थियो।

उहाँले सङ्कल्पपत्र तयारीका लागि पार्टीको २०१५ सालको घोषणापत्रदेखि सबै घोषणापत्र अध्ययन गरी के कति कमजोरी भए र कति कार्यान्वयन भएलगायत विषयमा अध्ययन गरिएको जानकारी गराउनुभयो। उहाँले अहिलेको सङ्कल्पपत्र मुलुकको वास्तविक अवस्थामा आधारित रहेर कार्यान्वयनयोग्य, यथार्थपरक, निरन्तरतामा नवीनता र आशावादी रहेको स्पष्ट पार्नुभयो।

यस्तै सञ्चारकर्मीका जिज्ञासा बारेमा स्पष्ट पार्दै राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष एवं समिति सदस्य डा स्वर्णिम वाग्लेले हाल छरिएका सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत गर्न सङ्कल्पपत्रमा कोखदेखि शोकसम्म कार्यक्रम प्रस्ताव गरिएको बताउनुभयो।

जीवनका जोखिमपूर्ण चरणमा राज्यले कसरी सहयोग गर्न सक्छ भनेर नै उक्त कार्यक्रम ल्याइएको स्पष्ट पार्दै उहाँले साधन स्रोतको मितव्ययी परिचालन गर्न पनि यो कार्यक्रम अघि बढाइएको जानकारी गराउनुभयो। यसले लोककल्याणकारी राज्यको जग बसाल्ने डा वाग्लेको भनाइ थियो।

उहाँले सङ्कल्पपत्रमा उल्लेख ऊर्जालगायतका तथ्याङ्क यथार्थपरक र वास्तविक भएको स्पष्ट पार्दै निजी क्षेत्रलाई उत्साही बनाउने विभिन्न कार्यक्रम रहेकोसमेत जानकारी गराउनुभयो। डा वाग्लेले विसं २०४९ पछि कांग्रेसको नीतिअनुसार मुलुकमा शैक्षिक, स्वास्थ्य, आर्थिक, सामाजिक, भौतिक प्रगति र सिर्जना भएको रोजगारीको अवस्थाका बारेमा समेत जानकारी गराउनुभएको थियो।

यसैगरी कांग्रेस केन्द्रीय सदस्य एवं समिति सदस्य प्राडा गोविन्दराज पोखरेलले निजी क्षेत्र प्रवर्द्धन गर्न सङ्कल्पपत्रमा केही नयाँ कुरा ल्याइएको बताउनुभयो। मुलुकमा २४ घण्टा काम गर्ने वातावरण बनाउन, विद्युत् प्रसारण लाइनको सहज व्यवस्थापनलगायतका नीतिले निजी क्षेत्रलाई प्रोत्साहन गर्ने उहाँले जानकारी दिनुभयो।

श्रम बजारको मागअनुसारको व्यवस्थाका लागि पनि आवश्यक मानवस्रोत विकासमा जोड दिइएको बताउँदै प्राडा पोखरेलले सङ्कल्पपत्रका नीति र सिद्धान्त अति महत्वाकांक्षी नभई वास्तविकतासँग नजिक रहेको स्पष्ट पार्नुभयो। समग्रमा सुशासन र आर्थिक विकास प्राथमिकतामा राखिएको उहाँको भनाइ थियो।

समिति सदस्य डा कृष्ण पौडेलले शिक्षा क्षेत्रको विषयमा पार्टीले सङ्कल्पपत्रमा उल्लेख गरेका विषयमा स्पष्ट पार्दै संविधानले व्यवस्था गरेका प्रावधान लागु गर्न प्रतिबद्धता गरिएको बताउनुभयो। निजी र सार्वजनिक शिक्षालाई कसरी व्यवस्थित गर्ने भनेर पार्टीले विभिन्न कार्यक्रम अघि बढाएको उल्लेख गर्दै उहाँले रोजगारीमूलक, व्यावसायिक र प्राविधिक शिक्षाका लागि विभिन्न नीति अवलम्बन गरिएको जानकारी दिनुभयो।

कार्यक्रममा गेजा शर्मा वाग्लेले राष्ट्रिय सुरक्षा, अन्तर्राष्ट्रिय सम्बन्धमा र विदेश नीतिका बारेमा सहमतिको दस्तावेज बनाउनुपर्नेमा प्रस्ताव गरिएको जानकारी गराउनुभयो। प्रताप पौडेलले स्वास्थ्यका विषयमा सङ्कल्पपत्रमा उल्लेखित विषयका बारेमा स्पष्ट पार्दै स्वास्थ्य प्रणाली व्यवस्थित बनाउन अवलम्बन गरिएको एकीकृत नीतिका बारेमा जानकारी गराउनुभयो।

कोही पनि नेपाली नागरिक स्वास्थ्य सेवाबाट वञ्चित नहोस् भनेर सबैलाई अनिवार्य बिमामा आबद्ध गराउने तथा क्षमताअनुसार प्रिमियम तिर्नुपर्ने व्यवस्था अघि बढाएको उहाँले स्पष्ट पार्नुभयो।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569




डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट),
हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# नेपाल एयरलाइन्सलाई प्राधिकरणको कारबाही, दिल्ली उडान संख्या कटौती

काठमाडौँ, १३ कात्तिक (रासस) ।

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)को भारतको नयाँदिल्लीको उडान कटौती भएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले नेपाल एयरलाइन्सको आइतबार बिहान तय भएको दिल्ली उडान कटौती गरेको हो ।

भारतका तीन गन्तव्यमा उडान गरिरहेको नेपाल एयरलाइन्सलाई कारबाही स्वरुप नयाँ दिल्ली गन्तव्यको उडान सङ्ख्यामा केही कटौती भएको निगमको वाणिज्य विभागले जनाएको छ ।

नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा तीनभन्दा बढी उडान गरिरहेका एयरलाइन्सलाई भैरहवाबाट कम्तीमा पनि एक उडान गर्नुपर्ने व्यवस्थासहित लिखित निर्देशन दिएको थियो । काठमाडौँ विमानस्थलको विद्यमान हवाई उडान चाप व्यवस्थापन गर्न तथा गौतमबुद्ध विमानस्थलको प्रभावकारी प्रयोजनका निम्ति प्राधिकरणले दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलमा अनिवार्य उडान गर्न निर्देशन दिएको हो । प्राधिकरणको यो निर्णयले काठमाडौँ उडान भर्ने राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) र निजी क्षेत्रको हिमाल एयरलाइन्ससहित पाँच विमान कम्पनीले भैरहवामा अनिवार्य उडान गर्नुपर्नेछ ।

प्राधिकरणले निर्देशन दिएबमोजिम नेपाल एयरलाइन्स तत्काले भैरहवामा उडान गर्न असमर्थ भएपछि निगमको उडान कटौती भएको सम्बन्धित अधिकारीले बताएका छन् । प्राधिकरणको निर्देशनबमोजिम भैरहवा उडान भर्न निगम तयार रहे पनि प्राविधिक व्यवस्थापनसहित तयारी गर्न करिब दुई महिना लाग्ने भएकाले तत्काले उडान गर्न नसकिने निगमले उल्लेख गरेको छ ।

"जहाजको इञ्जिनियरिङ, टेक्निकल कर्मचारी व्यवस्थापन गर्न कम्तीमा डेढ महिना लाग्छ, हामीले तयारीका लागि समय पुगेन विचार गरिदिनुस् भनेका छौँ", निगमका एक उच्च अधिकारीले भन्नुभयो ।

निगमले नयाँ दिल्ली गन्तव्यमा दैनिक दुई उडान गर्दै आएको थियो । सातामा १४ उडान हुँदै आएकामा आइतबारदेखि चार उडान कटौती भएको निगमले जनाएको छ । चार उडान कटौती हुँदा अब निगमले दैनिक १० उडान मात्रै गर्नेछ । निगमको दिल्ली गन्तव्य व्यावसायिक हिसाबले राम्रो मानिन्छ । निगमले भारतको बैङ्लोर र मुम्बईमा पनि नियमित उडान गरिरहेको छ ।

दुई स्वदेशी एयरलाइन्स वायुसेवा निगम र हिमालय एयरलाइन्सलाई 'विन्टर सेड्युल' मा उडान गर्न प्राधिकरणले पत्राचार गरेको छ । अक्टोबर ३० देखि आगामी सन् २०२३ मार्चसम्मको उडान तालिका अनुसार गौतमबुद्ध विमानस्थलमा समेत दुवै एयरलाइन्सले उडान सञ्चालन गर्नुपर्नेछ ।

प्राधिकरणका अनुसार अन्तर्राष्ट्रिय विमान कम्पनीलाई आगामी पुस १ गतेदेखि भैरहवामा अनिवार्य उडान तयारी गर्न सूचित गरिसकेको छ । प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाले काठमाडौँ विमानस्थलमा तीनभन्दा बढी उडान गर्ने एयरलाइन्सलाई गौतमबुद्ध विमानस्थलमा उडान गर्नुपर्ने निर्देशनसहित पत्राचार गरिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "हाम्रो आन्तरिक वायुसेवाले भैरहवाबाट उडान नगर्दा विदेशी एयरलाइन्सलाई दबाब दिन गाह्रो हुने भयो त्यसैले नेपाल वायुसेवा निगम र हिमालय एयरलाइन्सलाई भैरहवाबाट पनि उडान गर्नुपर्छ भनेर निर्देशन दिइएको हो ।" काठमाडौँ विमानस्थलमा हाल तीन नेपालीसहित २६ अन्तर्राष्ट्रिय एयरलाइन्सले उडान भर्दै आएका छन् ।

# कांग्रेस घोषणापत्रः सातै प्रदेशमा सङ्ग्रहालय स्थापना

काठमाडौँ, १३ कात्तिक (रासस) ।

नेपाली कांग्रेसले सबै जातजातिको कला, संस्कृति, वेषभूषा एवं जातीय पहिचान झल्कने गरी सातवटै प्रदेशमा सांस्कृतिक सङ्ग्रहालय स्थापनालाई प्राथमिकतामा राखेको छ ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा एवं प्रदेशसभा निर्वाचनका लागि सङ्कल्पपत्र सार्वजनिक गर्दै कांग्रेसले विभिन्न जातजाति, समुदाय र भूगोलको भाषा, साहित्य, कला, संस्कृति, सङ्गीत एवं इतिहास झल्कने कम्तीमा प्रदेशस्तरीय एक सङ्ग्रहालय स्थापना गरिने प्रतिबद्धता जनाइएको छ । कांग्रेसले शनिबार सार्वजनिक गरेको घोषणापत्रमा नेपालका सबै जातजातिका भाषामा पठनपाठनको व्यवस्था गरिने उल्लेख छ ।

सातै प्रदेशमा भाषा, साहित्य, कला, संस्कृति, सङ्गीत, चलचित्र, नाटक प्रदर्शनका लागि प्रेक्षालयको स्थापना गरिने बाचा पार्टीले गरेको छ । राज्यको लगानी वृद्धि गर्दै स्रष्टा सर्जकको वृत्ति विकास र क्षमता अभिवृद्धि गरिने भएको छ । स्रष्टा, सर्जक र कलाकारलाई सम्मान, पुरस्कार र संरक्षणको व्यवस्था गरिने पनि सङ्कल्पपत्रमा उल्लेख गरिएको छ ।

'कला र संस्कृतिको उन्नयनः समुन्नत नेपालको पहिचान' नाराका साथ कांग्रेसले नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानलगायत देशका महत्वपूर्ण प्राज्ञिक संस्थालाई प्रभावकारी बनाउन पर्याप्त बजेट विनियोजन गर्ने घोषणा गरेको छ । विद्यालय तहदेखि विश्वविद्यालयसम्मका पाठ्यक्रममा नेपाली साहित्य, कला, संस्कृति, इतिहास एवं ज्ञान विज्ञानका विषयवस्तु समाहित गरी समयसापेक्ष परिमार्जन गर्ने कांग्रेसले जनाएको छ ।

नेपाली चलचित्र र सम्बन्धित क्षेत्रलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत राखी नियमनकारी संस्थालाई राष्ट्रिय चलचित्र आयोगको स्वरूपमा रुपान्तरण गरी पूर्ण स्वायत्त बनाइने भएको छ । स्रष्टा सर्जकको प्रतिलिपि अधिकारलाई कानुनीरूपमा थप मजबुत बनाउँदै पूर्णरूपमा कार्यान्वयन गराउन काम गर्ने कांग्रेसको प्रतिबद्धता छ ।

लोपोन्मुख लोकसङ्गीत सम्पदाको संरक्षणका लागि प्रभावकारी कार्यक्रम तर्जुमा गरिने भएको छ । नेपाली भाषा, साहित्य, कला, संस्कृति, चलचित्र, हस्तकला, मूर्तिकला, काष्ठकला तथा वास्तुकलाका कुनै पनि सामग्री सूचना र रचना नेपाल बाहिर निर्यात गर्दा अर्को राष्ट्रसँग समानताका आधारमा गरिनुका साथै कर छुटको व्यवस्था गरिने भएको छ ।

नाफामूलक व्यावसायिक एवं वित्तीय संस्थाले खर्च गर्दै आएको सामाजिक उत्तरदायित्वअन्तर्गतको उल्लेख्य अंश भाषा, साहित्य, कला र संस्कृतिका क्षेत्रमा खर्च गर्ने नियम ल्याउने कांग्रेसको प्रतिबद्धता छ । सर्वाङ्गीणको विकासको अवधारणामा भौतिक विकासदेखि सांस्कृतिक वैभव र पहिचानसम्मको वृहत्तर अवधारणा समावेश गरिएको पार्टीका महामन्त्री विश्वप्रकाश शर्माको नेतृत्वको घोषणापत्र निर्माण उपसमितिले उल्लेख गरेको छ ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मलः** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**


# विश्व समाचार

## सियोलमा भागदौड मच्चिँदा १५० भन्दा बढीको मृत्यु

सियोल, १३ कात्तिक (रासस/एएफपी) ।

दक्षिण कोरियाको राजधानी सियोलमा आयोजित एक धार्मिक उत्सवमा भागदौड मच्चिँदा कम्तीमा १५० जनाभन्दा बढीको मृत्यु भएको अधिकारीहरूले आइतबार बताएका छन् । ईसाई धर्मावलम्बीहरूले प्रत्येक वर्ष अक्टोबर ३१ मा मनाउने 'हेलोवीन'मा सहभागी मानिसहरू राजधानीको प्रसिद्ध इटावोन जिल्लामा भागदौड हुँदा शनिबार साँझ उत्सवमा सहभागी एक लाखभन्दा बढी मानिस त्यस क्षेत्रका साँघुरा गल्ली र घुमाउरो सडकहरूमा थुनिएपछि उक्त अप्रिय घटना भएको प्रहरीले जनाएको छ ।

घटनाप्रति दुःख व्यक्ति गर्दै दक्षिण कोरियाली राष्ट्रपति युन सुक योलले आइतबार राष्ट्रिय शोकको घोषणा गर्दै टेलिभिजनमार्फत गरेको एक सम्बोधनमा भन्नुभयो, "एउटा त्रासदी र विपत्ति आयो जुन हुनु हुँदैनथ्यो ।" उहाँले भन्नुभयो, "सरकारले घटनाको विस्तृत अनुसन्धान गर्नेछ र भविष्यमा फेरि यस्तै दुर्घटना नहोस् भनी आवश्यक सुधार गर्नेछ तथा सावधानी अपनाउनेछ ।"

"दुर्घटनास्थलको भ्रमण गर्नुअघि र उद्धारकर्मीहरूसँग कुरा गर्नुअघि सञ्चारकर्मीसँग बोल्दै राष्ट्रपति योलले भन्नुभयो, "घटनापछि मेरो हृदय भारी बनेको छ र पीडा नियन्त्रण गर्न गाह्रो भएको छ ।"

प्रत्यक्षदर्शीहरूले साँघुरो, ढलान भएको गल्लीमा फसेका मानिसहरू एकअर्कामाथि ढलेका र घुँडा टेकी उठ्ने र भीडबाट बाहिर निस्कन कोसिस प्रयास गर्दागर्दै भीडले कुल्चेर जीवन त्याग्न बाध्य भएका बताएका छन् । स्थानीय समयानुसार राति १० :०० बजे भएको भागदौडमा परी १९ विदेशीसहित कम्तीमा १५१ जनाको मृत्यु भएको अग्नी नियन्त्रण विभागले जनाएको छ ।

मृत्यु हुनेमा अधिकांश २० वर्ष भन्दा कम उमेरका युवती रहेको र ८९ जना घाइते भएको बताइएको छ । गृह मन्त्रालयले मृतकमध्ये अधिकांशको पहिचान भइसकेको जनाएको छ । "हेलोवीन घटनाका क्रममा धेरैलाई कुल्चिएको कारण हताहत हुनेको सङ्ख्या धेरै हुनगएको छ ," अग्नि नियन्त्रक चोइ सियोङ-बिओमले घटनास्थलमा रहेका पत्रकारहरूलाई बताउनुभयो । घटनामा कैयौँ व्यक्ति सख्त घाइते भएकोले मृतकको सङ्ख्या बढ्न सक्ने उहाँले बताउनुभयो । सियोलका अधिकारीहरूले आइतबार बिहानसम्म ३५५ जना हराइरहेका अपुष्ट रिपोर्ट प्राप्त भएको जनाएका छन् ।

## भागदौडमा मृत्यु हुनेमध्ये ५० जनाको हृदयघात भएको आशङ्का

सियोल, १३ कात्तिक (रासस/सिन्हवा) ।

दक्षिण कोरियाको राजधानी सियोलको एक जिल्लामा भएको भागदौडमा मृत्यु भएका १५० मध्ये करिब ५० जनाको हृदयघात भएको आशङ्का गरिएको स्थानीय सञ्चारमाध्यमले शनिबार जनाएका छन् । स्थानीय प्रसारक वाईटीएनका अनुसार सियोलको रात्रिकालिन पर्यटकीय गन्तव्य इटेवोनमा रहेको एक बारमा एक सेलेब्रिटीको कार्यक्रम हेर्न ठूलो सङ्ख्यामा भीड जम्मा भएको समय भागदौड मच्चिएको थियो ।

योनहाप समाचार संस्थाका अनुसार स्थानीय समयअनुसार राति ११:३० बजे हेलोवीन उत्सवको क्रममा भागदौड मच्चिएपछि करिब ५० जनाको हृदयाघात भएको थियो । श्वास प्रश्वासमा समस्या भएका ८१ जनालाई उद्धार गरिएको अग्निनियन्त्रक अधिकारीले सरकारलाई दिएको एक रिपोर्टमा उल्लेख गरिएको छ । उद्धारकर्मीलाई 'कार्डियोपल्मोनरी' उपचारका लागि तत्काल घटनास्थलमा पठाइएको सञ्चारमाध्यमले बताएका छन् ।

## बम विष्फोटमा मृत्यु हुनेको सङ्ख्या एक सय भन्दा बढी, ३०० घाइते

मोगादिसु, १३ कात्तिक (रासस/एएफपी) ।

सोमालियाको राजधानी मोगादिसुको व्यस्त चोकमा शनिबार भएको आक्रमणमा परी मृत्यु हुनेको संख्या १०० पुगेको राष्ट्रपति हसन शेख मोहमुदले आइतबार पुष्टि गर्नुभएको छ । "अहिलेसम्म मृत्यु हुनेको सङ्ख्या १०० पुगेको छ र ३०० जना घाइते भएका छन् । साथै मृत्यु र घाइते दुवैको सङ्ख्या अझै बढिरहेको छ," उहाँले भन्नुभयो । यद्यपि प्रत्यक्षदर्शीहरूले भने आक्रमणमा मारिनेको सङ्ख्या १०० भन्दा बढी पुगिसकेको बताएका छन् ।

सोमालियाको व्यस्त जोब जक्सन नजिकै केही मिनेटको अन्तरालमा विस्फोटक पदार्थले भरिएका दुईवटा कारमा बम विष्फोट भएको थियो भने सोमालियाको शिक्षा मन्त्रालयलाई लक्षित गरी गोली चलाइएको थियो । शनिबार दिउँसोको विस्फोटनले नजिकैका भवनका झ्यालहरू भत्किएका, धुवाँ र धूलोको मुस्लो हावामा उडेको देखिएको थियो ।

सन् २०१७ को अक्टोबर १४ मा विस्फोटक पदार्थले भरिएको ट्रकमा विस्फोट हुँदा ५१२ जनाको मृत्यु हुनुका साथै २९० भन्दा बढी घाइते भएका थिए । मोहमुदले उक्त घटनालाई 'इतिहास' को संज्ञा दिँदै भने, 'यो एउटै ठाउँ हो, र उनै निर्दोष व्यक्तिहरूलाई यसमा संलग्न गराइएको छ । "यो ठीक होइन । ईश्वरको कृपाले उनीहरूसँग अर्को ठूलो घटना गर्न सक्ने क्षमता हुनेछैन," उहाँले इस्लामिक समूह अल-शबाबलाई सङ्केत गर्दै भन्नुभयो ।

# गठबन्धनको जीत सुनिश्चित: डा आरजु

महेन्द्रनगर (धनुषा), १३ कात्तिक (रासस) । नेपाली कांग्रेसकी केन्द्रीय सदस्य डा आरजु राणा देउवाले आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा सत्तारुढ गठबन्धनको जीत सुनिश्चित रहेको दाबी गर्नुभएको छ ।

आइतबार जनकपुरधाम विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै डा देउवाले गठबन्धनबाट अधिकांश बागी उम्मेदवारले उम्मेदवारी फिर्ता लिइसकेका र आ-आफ्ना कार्यकर्ताले गठबन्धनका उम्मेदवारलाई मतदान गर्न गठबन्धनमा आबद्ध पार्टीका नेता, स्थानीय तहका कार्यकर्ता तथा आम मतदाताहरु देशव्यापीरुपमा आतुर रहेकाले जीत सुनिश्चित रहेको उहाँले बताउनुभयो ।

वर्तमान सरकारले छोटै समयमा गरेका राम्रा कामका साथै नेपाली कांग्रेसजस्तो पुरानो प्रजातान्त्रिक शक्तिको नेतृत्वलाई नै नेपाली जनताले रुचाएकाले पनि आगामी निर्वाचनमा सत्तारुढ गठबन्धनको जीत सुनिश्चित रहेको उहाँले दाबी गर्नुभयो ।

उहाँले नेपाली कांग्रेसले अहिलेको गठबन्धनको टिमलाई नै लिएर निर्वाचनपछि पनि अघि बढ्ने प्रण गरिसकेकाले यही टिमको भावनालाई बुझेर सबैले गठबन्धनका उम्मेदवारलाई जिताउनुपर्ने उहाँको आग्रह थियो ।

नेपाली कांग्रेसकी नेत्री डा राणाले मुलुकमा लोकतन्त्रपछि प्राप्त उपलब्धिको रक्षा गर्न, संविधानको रक्षा गर्नरस तथा नागरिक स्वतन्त्रताको संरक्षणका लागि वर्तमान सत्ता साझेदार गठबन्धनका उम्मेदवारहरूले विजय हासिल गर्नुपर्ने धारणा पनि राख्नुभयो ।

नेत्री डा राणाले यो सरकार निर्माण भएको छोटो समयमै विकास निर्माणका साथै अरु धेरै काम भएका प्रसङ्ग पनि सो अवसरमा उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "वर्तमान देउवा सरकार निर्माण हुँदा देश कोरोना महामारीमा थियो, नागरिकले पर्याप्तमात्रामा खोप पाउन सकेका थिएनन् । प्रधानमन्त्रीजीले कोरोनाविरुद्धको खोपलाई पहिलो प्राथमिकतामा राख्नुभयो र विदेशी दाताहरूसँग अनुरोध गर्नुका साथै खोप खरिद गरेरसमेत ल्याइ देशमा खोप उपलब्ध गराउनुभयो । यो सरकार निर्माण भएपछि धेरै पहिलेदेखि रोकिएर रहेका ठूला परियोजनादेखि लिएर विकास निर्माणका काम अघि बढेका छन्, वैदेशिक सम्बन्ध र सहायता मजबुद हुँदै गएको छ ।"

नेत्री राणा आइतबार छठ पर्वका अवसरमा पूजा एवं दर्शन गर्न जनकपुरधाम आउनुभएको हो । उहाँले आइतबार दिउँसो जनकपुरधामस्थित गङ्गासागरमा छठ पर्वको व्रत एवं आजापूजाको अवलोकन गर्ने कार्यक्रम छ । सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिने क्रममा नेत्री राणा पूर्वउपप्रधानमन्त्री विमलेन्द्र निधिको गृहगाउँ नगराइन नगरपालिका जाने कार्यक्रम रहेको कांग्रेस धनुषा क्षेत्र नं ३ का क्षेत्रीय सभापति धीरेन्द्र निधिले जानकारी दिनुभयो ।

# उम्मेदवार गुरुङलाई स्पष्टीकरण

काठमाडौँ, १३ कात्तिक, (रासस) । निर्वाचन आयोगले गण्डकी प्रदेशका युवा तथा खेलकुदमन्त्री एवं गण्डकी प्रदेशसभा सदस्यका लागि मनाङ 'ख' उम्मेदवार रहेका राजीव गुरुङलाई स्पष्टीकरण सोधेको छ ।

उम्मेदवार गुरुङले निर्वाचन खर्चका सम्बन्धमा 'जुन अहिले निर्वाचन आयोगले ३३ लाख, ३० लाखभन्दा बढी खर्च गर्नु हुँदैन भनेको छ, ३० लाखमा नेपालमा चुनाव जित्छ यार ! मनाङमा एक दिन नोमिनेसन गर्न जाँदा १५ लाखको त रक्सी खाइदिन्छ' भनी दिएको अभिव्यक्ति र श्रव्यदृश्य सामग्री आयोगमा प्राप्त भएकाले स्पष्टीकरण सोधिएको हो ।

आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २४, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७२ बमोजिम मङसिर ४ हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि राजनीतिक दल तथा उम्मेदवारका लागि कायम गरिएको खर्चको सीमा मिति २०७९ असोज ३१ गतेको नेपाल राजपत्रमा प्रकाशन गरिसकेको छ ।

आयोगले गुरुङले उम्मेदवारी दिएको मनाङ प्रदेशसभा क्षेत्र नं 'ख' का लागि तोकेको खर्चको सीमा रु २३ लाख रहेको छ । गुरुङलाई पत्र प्राप्त भएको २४ घण्टाभित्र आफैँ वा आफ्नो प्रतिनिधिमार्फत निर्वाचन आयोगमा वा जिल्ला निर्वाचन कार्यालय मनाङमा प्राप्त हुने गरी स्पष्टीकरण पेस गर्न भनिएको छ ।

# उदयपुरमा आगलागी हुँदा तीन घर जलेर नष्ट

कटारी, १३ कात्तिक (रासस) । उदयपुरको कटारी-८ स्थित ढुङ्गेमा आइतबार आगलागी हुँदा तीन घर जलेर नष्ट भएको छ । आगलागीबाट स्थानीय पूर्णबहादुर मगर, सन्तबहादुर मगर र यज्ञबहादुर मगरको घर पूर्ण रूपमा जलेर नष्ट भएको हो ।

पूर्णबहादुरको घरबाट एक्कासी आगलागी सुरु भएर अन्य दुई घरसमेत जलेर नष्ट भएको वडाध्यक्ष नविन तामाङले बताउनुभयो । आगलागीबाट झण्डै रु ४६ लाखको क्षति भएको इलाका प्रहरी कार्यालय कटारीका प्रमुख प्रहरी नायब उपरीक्षक रविन कार्कीले बताउनुभयो । आगलागीमा परी पूर्णबहादुरको अन्नपात, सुनचाँदी, पशुचौपाया गरी रु २५ लाख, सन्तबहादुर मगरको घर, काठपात लगायत गरी रु १५ लाख र यज्ञबहादुर मगरको घरसहित रु छ लाख बराबरको क्षति भएको पनि प्रहरी उपरीक्षक कार्कीले बताउनुभयो ।

एक्कासी सुरु भएको आगलागी साँझ नियन्त्रणमा आएको वडाध्यक्ष तामाङले बताउनुभयो । स्थानीय र प्रहरी चौकी वेतेनीको सुरक्षाकर्मीहरूले आगो नियन्त्रणमा लिएका हुन् ।

# प्रधानमन्त्री पत्नी देउवाद्वारा जनकपुरधाममा छठ पूजा

जनकपुरधाम, १३ कात्तिक (रासस) । प्रधानमन्त्री शेरबहादुर देउवा पत्नी तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य आरजु राणा देउवाले हिन्दूहरूको महान् चाड छठ पर्वको अवसरमा आइतबार अस्ताउँदो सूर्यलाई अर्घ्यदान गर्नुभएको छ ।

जनकपुरधामस्थित गङ्गासागर पोखरीमा आयोजित छठ पूजा कार्यक्रममा देउवाले आइतबार दिउँसो ४ बजे अस्ताउँदो सूर्यलाई अर्घ्यदान गर्नुभएको हो । सो अवसरमा उहाँले छठ पूजासमेत गर्नुभयो । जनकपुरधामलाई छठ पर्वका लागि प्रसिद्ध धार्मिकस्थल मानिन्छ ।

देउवाले सोमबार बिहान पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्रीसमेत रहेका कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिको गृहगाउँ नगराइनस्थित पोखरीमा उदाउँदो सूर्यलाई अर्घ्यदान गर्ने कार्यक्रम रहेको उहाँका प्रेस संयोजक आशा थपलियाले जानकारी दिनुभयो ।

उहाँले भोलि नै धनुषाको नगराइन नगरपालिकाअन्तर्गतको नेपाल-भारत सीमा जटहीस्थित सीमा नाका पुगेर अवलोकन गर्ने कार्यक्रम रहेको प्रेस संयोजक थपलियाले बताउनुभयो ।

# व्यापार घाटा तीन खर्ब ५९ अर्ब

काठमाडौँ, १३ कात्तिक (रासस) । चालू आर्थिक वर्षको तीन महिनामा मुलुकको कूल व्यापार घाटा साढे तीन खर्बमाथि पुगेको छ ।

भन्सार विभागले आइतबार सार्वजनिक गरेको गत असोज मसान्तसम्मको विवरणअनुसार व्यापार घाटा रु तीन खर्ब ५९ अर्ब १७ करोड ८१ लाख बराबर छ ।

सो अवधिमा देशको कूल व्यापार रु चार खर्ब ४२ अर्ब ८१ करोड ८४ लाख बराबर भएको विभागले जनाएको छ । यस्तै, सो अवधिमा कूल निर्यात रु ४१ अर्ब ८२ करोड बराबरको भएको छ ।

आर्थिक वर्ष २०७८/७९ को तुलनामा चालू आवको तीन महिनामा कूल व्यापार १८ दशमलव ५४ प्रतिशतले घटेको छ । गत आवमा कूल रु पाँच खर्ब ४३ अर्ब ५७ करोड बराबरको व्यापार भएकामा यस आवको तीन महिनामा मात्रै रु चार खर्ब ४२ अर्ब ८१ करोड बराबरको मात्रै व्यापार भएको छ । यस आधारमा गत आवको तीन महिनाको तुलनामा चालू आवको तीन महिनामा १८ दशमलव ५४ प्रतिशतले ओरालो लागेको हो ।

गत आवमा रु चार खर्ब ७८ अर्ब ५२ करोड बराबरको माल वस्तु आयात भएकामा चालू आवको तीन महिनामा १६ दशमलव २० प्रतिशतले कमी आई रु चार खर्ब ९९ करोड बराबरको माल सामान आयात भएको हो ।

यस्तै, गत आवको तीन महिनामा रु ६५ अर्ब पाँच करोड बराबरको माल वस्तु निर्यात भएकामा चालू आवको तीन महिनामा ३५ दशमलव ७१ ले ओरालो लागेर रु ४१ अर्ब ८२ करोड बराबरको वस्तु निर्यात भएको हो ।

# नेकपा (एकीकृत समाजवादी)को समाजवादमा आधारित घोषणापत्र

काठमाडौँ, १३ कात्तिक (रासस) । नेकपा (एकीकृत समाजवादी) ले आगामी मङसिर ४ गते हुने प्रतिनिधिसभाका साथै प्रदेशसभा निर्वाचनका लागि आर्थिक-सामाजिक रुपान्तरणसहितको समृद्धि तथा समाजवादमा आधारित घोषणापत्र तयार पारेको छ ।

जनताको अधिकार, आधारभूत स्वास्थ्य शिक्षा र आहारलाई विशेष जोड दिइएको घोषणापत्रमा उत्पादन र रोजगारका माध्यमबाट आर्थिक समृद्धि प्राप्त गर्ने लक्ष्य राखिएको छ । विकासका लागि भौतिक पूर्वाधारमा लगानी गर्ने विषयमा उल्लेख गरिएको घोषणापत्रमा १५ बुँदे नारा समावेश गरिएको छ । खानी, कृषि, पशु वन, उद्योग र पर्यटन क्षेत्रको विकास गर्ने विषयमा जोड दिइएको छ ।

राष्ट्रिय स्वाभिमान, संविधानको रक्षा र स्थिरताका लागि सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणका साथै सुशासन र पारदर्शितासहितका विषय घोषणापत्रमा उल्लेख गरिएको छ । सामाजिक विभेदको अन्त्य गरी न्याय, समानता कायम राख्ने तथा घरेलु उद्योगको विकास गरी आत्मनिर्भर र स्वावलम्बन अर्थतन्त्रको विकास गर्ने लक्ष्य राखिएको छ । पिछडिएको क्षेत्र र समुदायका हितमा कार्य गर्ने, मिटरब्याजीलगायत सबै खाले शोषण तथा उत्पीडनको अन्त्य गर्ने विषयलाई प्राथमिकतामा राखिएको पार्टीका महासचिव डा वेदुराम भुसालले जानकारी दिनुभयो ।

मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं ।
- नियमित रुपमा शारिरीक व्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*